# आकाशवाणी समाचार- नेपाली

मितिः १४ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

.राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रीय ऊर्जा संरक्षण पुरस्कार विजेताहरुलाई सम्मानित गर्नुहुनेछ।

२.प्रधानमंत्री नरेन्द्र मोदी भोलीदेखि दुई दिने भ्रमणमा जॉर्डन जानुहुनेछ ।उहाँको यो भ्रमण जॉर्डन नरेश अब्दुल्ला-2-बिन अल हुसैनको निमंत्रणामा हुनलागेको हो।

३. गृहमन्त्रि अमित शाहले सरकारले आगामी पाँच वर्ष भित्र बस्तरलाई देशको सबैभन्दा विकसित आदिवासी संभाग बनाउने संकल्प गरेको बताउनु भएको छ।

४.अखिल भारतीय आयुर्विज्ञान संस्थान-**एम्स,** नयाँ दिल्लीले पहिलो पटक स्ट्रोकको उपचारका लागि **सुपरनोवा स्टंट** नामक स्वदेशी उपकरणको परीक्षण गरेको छ।

५.अमरीकामा रोड आइल्याण्डको प्रोभिडेन्स शहरको ब्राउन विश्वविद्यालयमा गोली चल्दा दुई व्यक्तिको मृत्यु भएको छ भने अन्य धेरै घाइते भएका छन्।

**राष्ट्रपति ऊर्जा दिवस**

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रीय ऊर्जा संरक्षण पुरस्कार विजेताहरुलाई सम्मानित गर्नुहुनेछ। उहाँले ऊर्जा संरक्षण संबंधी राष्ट्रीय चित्रकारी प्रतियोगिताका विजेताहरुलाई पनि पुरस्कृत गर्नुहुनेछ।यो आयोजन **राष्ट्रीय ऊर्जा संरक्षण दिवस** को अवसरमा भइरहेको छ। राष्ट्रपति मुर्मुले यस अवसरमा उपस्थित मानिसहरुलाई संबोधन गर्नुहुनेछ।

**प्रधानमंत्री-जॉर्डन आर्थिक सहयोग**

प्रधानमंत्री नरेन्द्र मोदी भोलीदेखि दुई दिने भ्रमणमा जॉर्डन जानुहुनेछ ।उहाँको यो भ्रमण जॉर्डन नरेश अब्दुल्ला-2-बिन अल हुसैनको निमंत्रणामा हुनलागेको हो। भारत र जोर्डन कूटनीतिक सम्बन्धको ७५ वर्ष पूरा भइरहेका बेला श्री मोदीको भ्रमण हुन लागेको हो। भारत जोर्डनको तेस्रो ठूलो व्यापारिक साझेदार हो। दुई देशबीच लगभग २.८ अर्ब डलरको व्यापार हुने गरेको छ।

**छत्तीसगढ- अमित शाह**

केन्द्रीय गृहमन्त्री अमित शाहले हिज छत्तीसगढको जगदलपुरमा बस्तर ओलम्पिकको समापन समारोहलाई सम्बोधन गर्नुभयो। उहाँले भन्नुभयो अर्को वर्ष बस्तर ओलम्पिक आयोजना हुँदासम्म छत्तीसगढको बस्तर क्षेत्र मात्र नभई सम्पूर्ण देश नक्सलमुक्त हुनेछ। श्री शाहले भन्नुभयो सरकारले आगामी पाँच वर्ष भित्र बस्तरलाई देशको सबैभन्दा विकसित आदिवासी संभाग बनाउने संकल्प गरेको छ। यसको सबै सात जिल्लाका बासिन्दाहरूलाई आवास, बिजुली, पानी, शिक्षा र स्वास्थ्य जस्ता बुनियादी सुविधाहरू प्रदान गरिनेछ। श्री शाहले भन्नुभयो नक्सलवाद बस्तरको विकासको सबैभन्दा ठूलो बाधा भएको छ, तर अब बस्तर डरको प्रतीक होइन, तर भविष्यको पर्यायवाची हो। उहाँले दोहोऱ्याउनुभयो मार्च 2026 सम्ममा सम्पूर्ण देश नक्सलवादी समस्याबाट मुक्त हुनेछ। केन्द्रीय गृहमन्त्रीले बाँकी रहेका कुनै पनि सशस्त्र नक्सलवादीहरूलाई हतियार छोडेर आत्मसमर्पण गर्न अपील गर्नुभयो। यस अवसरमा छत्तीसगढका मुख्यमन्त्री विष्णुदेव साई, विधानसभा अध्यक्ष डा. रमन सिंह, उपमुख्यमन्त्री अरुण साव र विजय शर्मा, साथै अन्तर्राष्ट्रिय फुटबल खेलाडी भाइचुङ भुटिया पनि उपस्थित रहेका थिए।

छत्तीसगढमा आयोजित यस बस्तर ओलम्पिकमा बस्तर संभागका सबै सात जिल्लाका खेलाडीहरूले भाग लिएका थिए। यस ओलम्पिकको अन्तिम चरणको रूपमा, संभाग-स्तरीय प्रतियोगिताहरू आयोजना गरिएको थियो, जसमा लगभग तीन हजार पाँच सय खेलाडीहरूले भाग लिएका थिए। यसमा आत्मसमर्पण गरेका नक्सलीहरू र नक्सलवादी हिंसाबाट प्रभावित खेलाडीहरू समावेश थिए।

**जे पी नड्डा - शिमला**

भारतीय जनता पार्टीका राष्ट्रीय अध्यक्ष र केंद्रीय मंत्री जगत प्रकाश नड्डाले भन्नु भएको छ कि प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा भारत तीव्र गतिले विकसित राष्ट्र बनने दिशामा अघि बढिरहेको छ ।हिज हिमाचल प्रदेशको राजधानी शिमलामा , पार्टी भवनको शिलान्यासपछि श्री नड्डाले भन्नुभयो कि देशभरमा बनिरहेको भाजपा कार्यालय मूल्यहरु र सिद्धांतहरुको केंद्र हो , जो जनताको सेवा र देशको उन्नतिको लागि कार्यरत छ ।श्री नड्डाले भन्नुभयो, केन्द्र सरकारले वक्फ बोर्ड ऐनमा संशोधन गरेर र तीन तलाकलाई समाप्त गरेर मुस्लिम समुदायलाई राहत दिएको छ। उहाँले भन्नुभयो , 'भाजपा विचारधारामा आधारित पार्टी हो भने कांग्रेस र अन्य राजनीतिक दलहरूको कुनै विचारधारा छैन। श्री नड्डाले भन्नुभयो, अघिल्लो यूपीए सरकारमा जातिवाद र नातावादको व्याप्तता थियो, जबकि भाजपाले जवाफदेहिता र सुशासनको राजनीति गरेको छ।श्री नड्डाले यो पनि भन्नुभयो, प्रधान मन्त्री नरेन्द्र मोदीको आर्थिक र सामाजिक सुधारका कारण भारत विश्वको चौथो ठूलो अर्थव्यवस्था बनेको छ।

**सिंधिया-डाकिया**

केन्द्रीय सञ्चार मन्त्री ज्योतिरादित्य सिन्धियाले भन्नुभयो कि डाकियाहरू विश्वासको पुल हुन् जसले हरेक घरमा बैंकिंग, बीमा र सरकारी सेवाहरू प्रदान गर्छन्। उहाँले भन्नुभयो, ग्रामीण भारतलाई जोड्न र देशको विकासमा हुलाकीहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन्। श्री सिन्धियाले हिजो महाराष्ट्रको कोल्हापुरमा गोवा र पुणेका लगभग छ हजार ग्रामीण डाक सेवकहरूलाई सम्बोधन गर्नु हुदै यो कुरा बताउनु भयो । श्री सिंधियाले भन्नुभयो, एक लाख 65 हजार भन्दा बढी डाक कार्यालयहरूले लगभग साढे 6 लाख गाउँहरूलाई सेवा दिइरहेका छन्।प्रधान मन्त्री नरेन्द्र मोदीको "डाकिया अब बैंक लाया" को दृष्टिकोणलाई स्मरण गर्दै श्री सिन्धियाले भन्नुभयो, डाक विभाग अब पत्र पुर्याउनमा मात्र सीमित नभई वित्तीय समावेशीकरण र नागरिक सेवाहरूको एक विश्वसनीय माध्यम पनि हो।

**एम्स-सुपरनोवा**

अखिल भारतीय आयुर्विज्ञान संस्थान-**एम्स,** नयाँ दिल्लीले पहिलो पटक स्ट्रोकको उपचारका लागि **सुपरनोवा स्टंट** नामक स्वदेशी उपकरणको परीक्षण गरेको छ । एम्सका अनसार यस उपकरणलाई भारतीय परिवेशको हिसाबले डिजाइन गरिएको छ जहां पश्चिमी देशहरुको तुलनामा कम आयुमानै मानिसहरु स्ट्रोकको शिकार भइरहेका छन् । संस्थानका अनुसार सुपरनोभा स्टन्ट अब देशमै निर्माण गरिनेछ । यसले हरेक वर्ष स्ट्रोकबाट पीडित १७ लाख भन्दा बढी मानिसहरूलाई सहायता गर्नेछ।

**दिल्ली - स्कूल**

दिल्लीका विद्यालयहरूलाई कक्षा 9 र 11 सम्मका विद्यार्थीहरूका लागि हाइब्रिड मोडमा कक्षा सञ्चालन गर्न भनिएको छ। दिल्ली सरकारको शिक्षा निर्देशनालयले राष्ट्रिय राजधानीमा बिग्रँदो वायुको गुणस्तरलाई ध्यानमा राख्दै यो निर्णय लिएको हो। ग्रेडेड रेस्पोन्स एक्शन प्लान (जीआरएपी) दिल्ली सहित राष्ट्रिय राजधानी क्षेत्रमा वायु प्रदूषण रोक्नको लागि तत्काल प्रभावको साथ लागू गरिएको छ। यसअन्तर्गत सबै निर्माण कार्य र अत्यावश्यक बाहेकका ट्रकलाई दिल्ली प्रवेशमा रोक लगाइएको छ । विद्यालयमा कक्षा 10 अनि 12 का कक्षाहरु जारी रहनेछ । दिल्ली सरकारले सबै सरकारी र निजी कार्यालयहरूलाई कम्तिमा 50 प्रतिशत कर्मचारीहरूलाई घरबाटै काम गर्न भनेको छ।

**शिवराज पाटिल - राजकीय सम्मान**

कांग्रेसका वरिष्ठ नेता एवं पूर्व केंद्रीय मंत्री शिवराज पाटिलको हिज महाराष्ट्रमा उहाँको पैतृक जील्ला लातूरमा राजकीय सम्मानको साथ अंतिम संस्कार गरियो। यस अवसरमा लोकसभा अध्यक्ष ओम बिरला, कांग्रेस अध्यक्ष मल्लिकार्जुन खडगे, रक्षा राज्य मंत्री संजय सेठ, महाराष्ट्रका पूर्व मुख्यमंत्री अशोक चव्हाण र कर्नाटकका मंत्री ईश्वर खंदरे सहित कयौ गणमान्य व्यक्ति उपस्थित रहेका थिए।

**पश्चिम बंगाल (मैस्सी)**

पश्चिम बंगालमा साल्ट लेक स्थित युवा भारती क्रीड़ांगनमा दिग्गज फुटबॉल खिलाडी लियोनेल मैस्सीको कार्यक्रमको आयोजक सतद्रु दत्तालाई पक्राउ गरिएको छ। कार्यक्रमका क्रममा भएको ठूलो तोडफोड र तोडफोडपछि तिनलाई पक्राउ गरिएको हो। पुलिस अतिरिक्त महानिर्देशक एवं पुलिस महानिरीक्षक जावेद शमीमले घटनाको प्रारम्भिक अनुसन्धान भइरहेको बताएका छन् । अहिले अवस्था सामान्य रहेको र दर्शकलाई फिर्ता पठाइएको उनले बताएका छन् । टिकट रकम फिर्ता गर्न पनि निर्देशन दिइएको छ। यस अघि , राज्यपाल डॉ. सी.वी. आनंद बोसले पश्चिम बंगाल सरकारलाई कार्यक्रमको आयोजकहरु र प्रायोजकहरुलाई तत्काल पक्राउ गर्ने निर्देश दिएका थिए।

**आसियान-भारत पर्यटन 2025**

आसियान-भारत पर्यटन व्यवसायी विनिमय कार्यक्रम 2025 गुवाहाटीमा भारत र दस आसियान सदस्य राष्ट्रहरूका पर्यटन व्यवसायीहरू बीच दुई दिनको गहन अन्तरक्रिया सित सुरु भयो। भारत सरकारको विदेश मन्त्रालयको तत्वावधानमा असम पर्यटन विकास निगम लिमिटेड (एटीडीसी) द्वारा आयोजित यो एक्सचेन्ज 12 देखि 17 डिसेम्बर माझ गुवाहाटी, काजिरंगा र नयाँ दिल्लीमा हुनेछ। यो प्रयास क्वालालम्पुरमा हुने मट्टा मेला 2025 मा भारतको सहभागितामा आधारित छ, जहाँ ए.टी.डी.सी.ले असम र पूर्वोत्तर राज्यहरूलाई आसियान-भारत पर्यटन वर्ष अन्तर्गत उदीयमान पर्यटन गन्तव्यको रूपमा प्रदर्शन गरेको छ।

**यूएस- ब्राउन यूनिवर्सिटी शूटिंग**

अमरीकामारोड आइल्याण्डकोप्रोभिडेन्स शहरको ब्राउन विश्वविद्यालयमा गोली चल्दा दुई व्यक्तिको मृत्यु भएको छ भ ने अन्य धेरै घाइते भएका छन्। आइभी लिग स्कूलले एक सक्रिय शूटर अलर्ट जारी गर् यो र विद्यार्थी र कर्मचारीहरूलाई आश्रय लिन आग्रह गर्यो। कथित गोलीबारी बारुस अनि होली भवन नजिक भएको बताइएको छ जसमा विश्वविद्यालयको स्कूल अफ इन्जिनियरिङ र फिजिक्स डिपार्टमेन्टमा रहेको बताइएको छ। गोलीबारीको समय भवनमा परीक्षा चली रहेको थियो|

****** ० ******